# मागमा आधारित कृषि उपज बजार पूर्वाधार निर्माण तथा सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः** कृषि क्षेत्रको समग्र विकासको लागि व्यावसायिक कृषि उत्पादन क्षेत्र तथा शहरी क्षेत्रमा स्थानीय तहको सहकार्यमा कृषक समूह, कृषि सहकारी एवं निजी क्षेत्रसँग लागत साझेदारीमा कृषि उपज बजार पूर्वाधार निर्माण तथा सञ्चालन गर्नु पर्ने अवस्था देखिएकोले, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतको निकायको स्वीकृत वार्षिक कार्यक्रम पारदर्शी, प्रभावकारी तथा सुव्यवस्थित ढङ्गबाट सञ्चालन गर्न, प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (३) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले **"मागमा आधारित कृषि उपज बजार पूर्वाधार निर्माण तथा सञ्चालन कार्यविधि, २०७६"** स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम " **मागमा आधारित कृषि उपज बजार पूर्वाधार निर्माण तथा सञ्चालन कार्यविधि, २०७६**" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "**अनुदानाग्राही**" भन्नाले यस कार्यविधि बमोजिमको प्रस्तावना पेश गरी छनौट भएको र अनुदान प्राप्त गर्ने प्रस्तावकलाई सम्झनु पर्छ।

(ख) "**कार्यालय**" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतका अनुदान प्रवाह गर्ने निकायलाई सम्झनु पर्छ।

(ग) "**कृषि उपज बजार**" भन्नाले फलफूल, तरकारी, तेलहन, दलहन तथा माछा जस्ता ताजा वा नाशवान वस्तु वा समितिले तोकेको अन्य नाशवान प्रकृतिका कृषि वस्तुको खरीद बिक्री सम्बन्धी क्रियाकलाप गर्न यस कार्यविधि बमोजिम व्यवस्थापन गरिने स्थान सम्झनु पर्छ।

(घ) "**कृषि उपज बजार पूर्वाधार**" भन्नाले कृषि उपजको बजारीकरणसँग प्रत्यक्ष सरोकार राख्ने देहाय बमोजिमको कार्यलाई सम्झनु पर्छ:-

१. कृषि उपज बिक्री वितरणको लागि बजार सेड वा भवन निर्माण गर्ने,

२. कम्पाउण्ड वाल, तारवार, रिटेनिङ्ग वाल निर्माण गर्ने,



सचिव

आरती पोखरेल
मन्त्री

३. भण्डारण कोठा, कार्यालय कोठा, सूचना कक्ष, कारोवार गर्ने स्थान निर्माण गर्ने,
४. खानेपानी सुविधा सम्बन्धी पूर्वाधार, पालोपहरा कक्ष, शौचालय निर्माण गर्ने,
५. कृषि उपज हाटबजार, थोक बजार तथा सङ्कलन केन्द्र निर्माण एवं सञ्चालनका लागि आवश्यक अन्य पूर्वाधार तयार गर्ने।

(ङ) **"थोक बजार"** भन्नाले पाँच किलो वा सो भन्दा बढी कृषि वस्तुको खरीद बिक्री हुने बजारलाई सम्झनु पर्छ।

(च) **"निर्देशनालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका कृषि विकास निर्देशनालय तथा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(छ) **"मन्त्रालय"** भन्नाले प्रदेश नं. ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ज) **"सङ्कलन केन्द्र"** भन्नाले कृषि उपज सङ्कलन गर्ने स्थललाई सम्झनु पर्छ।

(झ) **"सम्झौता"** भन्नाले प्रदेश सरकारका प्रतिनिधि तथा समितिका अध्यक्ष वा अन्य लगानीकर्ता बीच गरिएको सम्झौता पत्र सम्झनु पर्छ।

(ञ) **"साझेदार संस्था"** भन्नाले प्रस्तावना बमोजिमको निर्माण कार्यमा संलग्न स्थानीय तहको सहकार्यमा कृषि सहकारी संस्था, कृषक समूह र निजी संस्थाबाट गठन गरिएको कृषि उपज बजार सञ्चालक समितिलाई सम्झनु पर्छ।

(ट) **"स्थानीय तह"** भन्नाले कृषि उपज बजार स्थापना हुने गाँउपालिका वा नगरपालिका वा उपमहानगरपालिकालाई सम्झनु पर्छ।

(ठ) **"हाट बजार"** भन्नाले दैनिक वा साताको एक वा दुई पटक कुनै निश्चित दिनमा सञ्चालन भई कृषि उपज खरीद बिक्री वितरण हुने स्थललाई सम्झनु पर्छ।

३. <u>कार्यक्रम सञ्चालनको उद्देश्यः</u> यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-



सचिव

(क) स्थानीय तहको मागको आधारमा स्थानीय कृषि उत्पादनलाई कृषि बजार पूर्वाधार निर्माण गरी उचित बजारीकरणको व्यवस्था गर्ने,

(ख) नियमित रुपमा गुणस्तर युक्त स्थानीय कृषि उत्पादन उपभोक्तालाई सुलभ दरमा उपलव्ध गराउने।

४. <u>कार्यक्रम सञ्चालन हुने क्षेत्र तथा बजार समिति छनौटका आधारहरु:</u> (१) कार्यक्रम सञ्चालन हुने क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्।

(क) प्रदेशभित्रका कृषि उपज उत्पादन र बजारीकरणका हिसाबले सम्भाव्य र महत्वपूर्ण क्षेत्रहरु,

(ख) बजार स्थलसम्म सडक, विजुली तथा बजार स्थलमा खानेपानीको सुविधा भएको वा हुन सक्ने,

(ग) बजार सञ्चालन भईरहेको वा मागको सम्भावना भएको।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन प्रक्रिया

५. <u>प्रस्ताव आव्हान, छनौट तथा सञ्चालन:</u> कार्यक्रम सञ्चालनको लागि सूचना प्रवाह तथा प्रस्ताव आह्वान देहाय बमोजिम हुनेछ :-

(क) कार्यालयले इच्छुक साझेदार संस्थाबाट प्रस्ताव पेश गर्न अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(ख) प्रस्ताव पेश गर्न इच्छुक संस्थाले अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन, सूचनामा माग गरिएका आवश्यक कागजातहरु तथा अनुसूची-४ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ।

(ग) प्रस्तावकले खरिद प्रक्रियाको विस्तृत योजना पेश गर्नु पर्नेछ।

(घ) पूर्वाधार निर्माणको प्रकृति अनुसार लागत इष्टिमेट, डिजाईन र नक्शा समेत पेश गर्नु पर्नेछ।

(ङ) प्रस्तावकले साझेदारी रकम भन्दा बढी रकम बैङ्क मौज्दात भएको विवरण पेश गर्नु पर्नेछ।

६. <u>प्रस्तावकलाई जानकारी तथा सम्झौता:</u> (१) कार्यालयले छनौट भएका प्रस्तावहरुको विवरण खुलाई ७ दिनको म्याद दिई सम्झौता गर्ने आशयको सूचना जारी गर्नु पर्नेछ।



सचिव

(२) छनौट भएका प्रस्ताव उपर उजुरी परेमा ७ दिन भित्रमा उजुरी उपर आवश्यक निर्णय गरी सक्नु पर्नेछ।

(३) छनौटमा परेका प्रस्ताव उपर उजुरी नपरेमा छनौट भएको आठौं दिन देखि ७ दिन भित्र सम्झौता गर्न आउने गरी छिटो साधन मार्फत सम्बन्धित प्रस्तावककर्तालाई सूचना दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम समयभित्र आउने साझेदार संस्थासँग कार्यालयले कार्यदिश दिई अनुसूची-६ बमोजिम सम्झौता गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको समय सीमा भित्र सम्झौता गर्न नआएमा प्राथमिकताक्रममा रहेको साझेदार संस्थासँग सम्झौता गर्नु पर्नेछ।

## परिच्छेद-३

## समिति सम्बन्धी व्यवस्था

६. **समितिहरुको गठन** : (१) कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा समस्या समाधानको सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछः-

(क) मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय — अध्यक्ष

(ख) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय — सदस्य

(ग) प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, मन्त्रालय — सदस्य सचिव

(२) निर्देशक समितिले आवश्यकता अनुसार बढीमा दुई जना विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) यस कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ :-

(क) प्रमुख, कार्यक्रम सञ्चालन गर्ने कार्यालय — अध्यक्ष

(ख) प्रमुख, कार्यालयको लेखा शाखा — सदस्य

(ग) प्रमुख, कानून वा प्रशासन शाखा — सदस्य

(घ) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय — सदस्य

(ङ) अधिकृत, सम्बन्धित शाखा/कार्यालयले तोकेको अधिकृत — सदस्य सचिव

(४) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार मन्त्रालय वा अन्य निकायको सम्बन्धित शाखाबाट बढीमा दुई जना विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मागमा आधारित कृषि उपज बजार पूर्वाधार निर्माण कार्यक्रमलाई व्यवस्थित र मर्यादित रुपमा सञ्चालन



सचिव

गर्नको लागि आवश्यकता अनुसार अन्य[illegible] उपसमिति/कार्यदल गठन गर्न सक्ने,

(ख) कार्यदल/उपसमितिबाट प्रारम्भिक मूल्याङ्कन भई पेश भएका प्रस्तावहरु उपर छलफल गरी औचित्यका आधारमा स्वीकृतिको लागि सिफारिस गर्ने,

(ग) प्राप्त प्रस्तावहरु मध्ये कुनै वा सबै प्रस्तावहरु अस्पष्ट लागेको खण्डमा पूनः मूल्याङ्कन गर्नका लागि स्थलगत प्रमाणीकरण कार्य पुनः गर्ने/गराउन सक्नेछ।

(घ) प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी प्रस्तावक संस्थाहरुको प्राथमिकताक्रम सूची तयार गर्ने/गराउने,

(ङ) आवेदकबाट पेश भएको डिजाईन तथा लागत अनुमान सम्बन्धी कार्यहरुको अध्ययन तथा भौगोलिक सम्भाव्यता अध्ययनको लागि स्थलगत प्रमाणीकरण गर्ने/गराउने,

(च) अनुसूची-५ बमोजिम प्रस्ताव मूल्याङ्कन गरी छनौटका लागि सिफारिस गर्ने।

८. <u>कृषि उपज बजार सञ्चालक समिति</u> : (१) यस कार्यविधि बमोजिमको कृषि उपज बजार पूर्वाधार निर्माण तथा सञ्चालन गर्न देहाय बमोजिमको कृषि उपज बजार सञ्चालक समिति गठन हुनेछ :-

| | |
|---|---|
| (क) सदस्यहरुले आफूहरु मध्येबाट निर्वाचनद्धारा छनौट गरिएको सदस्य | अध्यक्ष |
| (ख) कृषि बजार स्थलको सेवा पुग्ने क्षेत्रका कृषक समूहहरु मध्येबाट निर्वाचित ३ जना कृषक (एक जना महिला कृषक अनिवार्य) | सदस्य |
| (ग) कृषि बजार स्थलको सेवा पुग्ने क्षेत्रका कृषि उपज व्यापारीहरु मध्ये सर्वसम्मत वा निर्वाचित २ जना व्यापारी | सदस्य |
| (घ) सम्बन्धित स्थानीय तहको प्रतिनिधि एक जना | सदस्य |
| (ङ) सम्बन्धित स्थानीय तहको कृषि विकास शाखाका प्रमुख/बजार व्यवस्थापक | सदस्य सचिव |

(२) सहकारी संस्थाद्वारा सञ्चालन गरिने बजारको हकमा सञ्चालक समितिमा ७ (सात) जना सहकारी संस्थाको तर्फबाट इच्छुक प्रतिनिधि राख्ने व्यवस्था गरिनेछ।

(३) निजी क्षेत्रबाट सञ्चालित बजारको हकमा समिति आवश्यक नपर्ने तर सम्बन्धित स्थानीय तहबाट बजार स्थापना तथा सञ्चालनको अनुमति लिनु पर्नेछ।

(४) बजार व्यवस्थापक र स्थानीय तहको प्रतिनिधि वाहेक अन्य सदस्यहरुले आफूहरु मध्येबाट निर्वाचनद्धारा छनौट गरिएको सदस्य नै अध्यक्ष



सचिव

हुनेछ। साथै अध्यक्षको निर्वाचन भई सकेपछि निजको साविक सदस्यको पद रिक्त भएको मानिने छैन।

(५) सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र निजहरु पुनः निर्वाचित हुन सक्नेछन्।

(६) समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशी वा विदेशी संघ, संस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको वैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(७) बजार व्यवस्थापक नियुक्त नभएको अवस्थामा सम्बन्धित स्थानीय तहको कृषि शाखा प्रमुखले बजार व्यवस्थापकको रुपमा काम गर्नु पर्नेछ।

९. <u>सदस्यहरुको योग्यता:</u> सञ्चालक समितिको सदस्य हुनको लागि देहायबमोजिम योग्यता पुगेको व्यक्ति हुनु पर्छः-

(क) नेपाली नागरिक,

(ख) २५ वर्ष उमेर पुरा पुगेको,

(ग) बजार स्थलको कार्य क्षेत्रभित्र बसोबास गरेको,

(घ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको, र

(ङ) मानसिक सन्तुलन नगुमेको।

१०. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> कृषि उपज बजार पूर्वाधार निर्माण तथा व्यवस्थापन गर्ने कृषि उपज वजार सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कृषि उपज बजार पूर्वाधार निर्माण तथा अन्य सुविधा प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने तथा सोको कार्यान्वयन गर्न उपभोक्ता समितिको रुपमा कार्य गर्ने,

(ख) कृषि उत्पादक, व्यापारी र उपभोक्ताहरुको आवश्यकता पूरा गर्न उक्त बजारलाई प्रतिस्पर्धात्मक रुपबाट सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(ग) बजार व्यवस्थापनको सम्बन्धमा नीति निर्धारण गर्ने तथा सोको कार्यान्वयन गर्ने,

(घ) नियमित रुपमा बजार सूचना आदान प्रदान गर्न सहयोग पुऱ्याउने,

(ङ) बजार व्यवस्थाको लागि आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्था गर्ने र त्यस्ता कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा निर्धारण गर्ने,

(च) कृषि उत्पादक, व्यापारी, संघ, संस्था, निकाय वा व्यक्ति विशेषको निम्ती बजार सुविधा उपलव्ध गराउने,

(छ) बजारमा सुविधाहरु उपलव्ध गराए वापत लिनु पर्ने आवश्यक सेवा शुल्क निर्धारण गर्ने र सम्बन्धित व्यक्ति वा निकायबाट त्यस्तो सेवा शुल्क असुल गर्ने,

(ज) बजार सञ्चालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सोको समाधान गर्ने,

(झ) बजार स्थललाई सफा सुग्घर राखी स्वस्थ वातावरण कायम गर्ने,

(ञ) बजार स्थलको मर्मत सम्भार तथा संरक्षण गर्ने,

(ट) बजार स्थलमा अनिवार्य रुपमा खानेपानी, शौचालय तथा फोहोर व्यवस्थापन गर्ने,

(ठ) बजार सञ्चालन व्यवस्था सम्बन्धमा अन्य आवश्यक कार्यहरु गर्ने।

११. <u>कृषि उपज बजार पूर्वाधार निर्माण प्रक्रिया</u> : कृषि उपज बजार पूर्वाधार निर्माण प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) यस कार्यविधि बमोजिम साझेदारीमा कृषि उपज बजार पूर्वाधार निर्माण गर्नको लागि प्रस्ताव स्वीकृत भई सकेपछि सम्बन्धित अनुदानग्राहीले प्रचलित सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली अनुसार कृषि उपज बजार सञ्चालक समिति मार्फत गराउन सक्नेछ।

(ख) निर्माण कार्यको डिजाइन, इष्टिमेट, प्राविधिक नाँप जाँच, सुपरिवेक्षण, रनिङ्ग बील तथा कार्य सम्पन्न बिल तयारीको लागि मन्त्रालय अन्तर्गतका निकायहरु वा स्थानीय तहहरु वा नेपाल सरकारको निकायबाट उपलब्ध हुने इन्जिनियर/सव-इन्जिनियर प्राविधिकबाट गराउने तर सो जनशक्ति उपलब्ध नभएमा कानूनी रुपमा दर्ता भएका निजी क्षेत्रका प्राविधिक जनशक्तिबाट बजार निर्माणको कार्य गराउनु पर्नेछ।

१२. <u>अनुदान प्रवाह विधि तथा भुक्तानी प्रक्रिया</u> : (१) अनुदान रकम स्वीकृत वजेटको परिधि भित्र रही प्रदेश सरकारले सहकारी/समितिको हकमा बढीमा ६० प्रतिशत र निजी/कम्पनीको हकमा बढीमा ५० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउनेछ

भने स्थानीय सरकार र सहकारी वा समिति वा निजी वा कम्पनीको एकल वा संयुक्त कम्तिमा ४० देखि ५० प्रतिशतको लागत सहभागिता हुनु पर्नेछ।

(२) अनुसूची-२ बमोजिमको मापदण्ड अनुसार अनुदान प्रवाह गरिनेछ।

(३) कार्यालयले साझेदार संस्थालाई भुक्तानी दिँदा प्रचलित नियमानुसार कन्टिन्जेन्सी रकम कट्टी गरी नियमानुसार खर्च गर्न सक्नेछ।

(४) अनुदानग्राहीलाई बढीमा ३ किस्तामा देहाय अनुसार अनुदान रकम भुक्तानी गरिने छ :-

(क) स्वीकृत कार्ययोजनाको ५० प्रतिशत कार्य सम्पन्न भएको प्रमाण पेश गरेपछि प्रथम किस्ता वापत अनुदान रकमको ५० प्रतिशत भुक्तानी,

(ख) ८० प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भरपाई सहित पहिलो किस्ता फछ्र्यौट गरी जम्मा ३० प्रतिशत रकम भुक्तानी,

(ग) सबै कार्य सम्पन्न भई कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि २० प्रतिशत रकम तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी,

(घ) भुक्तानी हुँदाका वखत अनुदानग्राहीले गर्ने लागत सहभागिताबाट भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरिसकेको हुनु पर्ने तथा सो को प्राविधिक रनिङ्ग वा सम्पन्न बील प्रतिवेदन, खर्च बील र अन्य आवश्यक कागजातहरु स्पष्ट उल्लेख हुनु पर्नेछ।

(ङ) भुक्तानीका अन्य प्रक्रियाहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सर्म्बान्धित प्रचलित कानूनहरु बमोजिम हुनु पर्नेछ।

(च) सम्बन्धित कार्यालयले साझेदार संस्थालाई अनुदान रकम एकाउण्ट पेयी चेक मार्फत उपलब्ध गराउनेछ।

(छ) साझेदार संस्थाले रकम भुक्तानीका लागि लिखित निवेदन प्राप्त भई सकेपछि कार्यालयले निर्माण कार्यका अनुगमन, सुपरिवेक्षण तथा सम्पन्न कार्यको प्राविधिक मूल्याँङ्कनको आधारमा भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

(ज) यस दफामा अन्यत्र जे सुकै लेखिएको भएपनि सबै काम सम्पन्न गरी एकै पटक भुक्तानी माग गरेको अवस्थामा प्रक्रिया पुरा गरी एकैपटक भुक्तानी गर्न बाधा पर्नेछैन।

मन्त्री

(५) भुक्तानी माग गर्नको लागि देहाय बमोजिमका कागजातहरु संलग्न राखी कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ :-

(क) सम्झौता-पत्र र कार्यादेशको प्रतिलिपि,

(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि र तोकिएको क्रियाकलापमा गरिएको खर्चको विवरण,

(ग) निर्माण कार्यको हकमा प्राविधिकले तयार गरेको लागत अनुमान, नापी किताव, कार्य सम्पन्न प्रतिवेदन र बिल,

(घ) बिल बिजकहरुको सक्कल प्रतिलिपि,

(ङ) तयार गरिएको संरचना तथा खरिद गरिएका उपकरणहरुको फोटो,

(च) अनुदानग्राहीले कार्य सम्पन्न गरेको प्रतिवेदन,

(छ) स्थानीय तहको सिफारिस,

(ज) सूचनापाटी/होडिङ्ग बोर्डको फोटो,

(झ) सार्वजनिक सुनुवाईको माईन्युटको प्रतिलिपि,

(ञ) अन्य सान्दर्भिक कागजातहरु।

(५) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदनको आधारमा कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिले सिफारिस पश्चात अनुदान रकम उपलब्ध गराईनेछ।

१३. <u>अन्य व्यवस्था</u> : कृषि उपज बजार पूर्वाधार निमार्ण सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) यसरी विकसित पूर्वाधारहरुमा स्थानीय तह वा अनुदानग्राही संस्थाले कार्यालयको पूर्व स्वीकृति वेगर कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरूप परिवर्तन, पुनर्निर्माण वा भत्काउने कार्य गर्ने छैन।

(ख) कृषि उपज बजार स्थापनाका लागि सम्पूर्ण भौतिक पूर्वाधार निर्माणको कार्य तोकिएको आ.व. भित्र सम्पन्न गरिसक्नु पर्नेछ। विशेष कारणले हुन नसके म्याद थप गर्न सक्ने अधिकार मन्त्रालयमा निहित रहने छ।

(ग) अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ। यस्ता अनुदानग्राहीलाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ।



सचिव

## परिच्छेद-४

## समन्वय, प्रतिवेदन एवं अनुगमन तथा मूल्यांकनको व्यवस्था

मा. ... मन्त्री

१४. <u>अनुगमन, समन्वय र प्रतिवेदन सम्बन्धी व्यवस्था:</u> कार्यक्रमको अनुगमन, समन्वय र प्रतिवेदनको व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) सञ्चालित कार्यक्रमको प्रदेशस्तरबाट नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य मन्त्रालय र कृषि विकास निर्देशनालय र कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रबाट हुनेछ।

(ख) कृषि ज्ञान केन्द्रले सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक जानकारी प्रवाह गर्नेछ।

(ग) नेपाल सरकार र स्थानीय तहको मातहतका निकायहरुसँग कार्यक्रम सञ्चालन प्रक्रियामा प्राविधिक तथा आवश्यक कार्यको लागि समन्वय र सहकार्य गरिनेछ।

(घ) सम्झौता अनुसार कार्य भए नभएको प्रगति प्रतिवेदन चौमासिक रुपमा कार्यालयले मन्त्रालयमा पठाउनु पर्नेछ।

## परिच्छेद-५

## विविध

१५. <u>संशोधन तथा परिमार्जन:</u> (१) आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहमति लिई मन्त्रालयले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

(२) मन्त्रालयले आवश्यकता अनुसार कार्यविधिको अनुसूचीहरुमा हेरफेर गर्न सक्नेछ।

१६. <u>प्रचलित कानून लागु हुने:</u> यस कार्यविधिमा व्यवस्था भएका विषयका सम्बन्धमा यसै कार्यविधि बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

१७. <u>अन्तिम व्याख्या:</u> यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ।

सचिव

ना. आरती पौडेल
मन्त्री

अनुसूची-१

(दफा ५ को खण्ड (क) सँग सम्बन्धित)

**सूचनाको ढाँचा**

मागमा आधारित कृषि बजार पूर्वाधार निर्माण तथा सञ्चालन अनुदान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७../...../.....

यस ..................................................... को आ.व. .................... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि उपज बजार पूर्वाधार साझेदारीमा निर्माण तथा सञ्चालन गर्नका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुदा .................. जिल्लाका ईच्छुक कृषक समूह/ कृषि सहकारी / निजी फर्म / कम्पनी / कृषि उपज बजार सञ्चालक समितिबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र आवश्यक कागजातहरु संलग्न गरी यस कार्यालय वा तोकिएको कार्यालयमा तपसिल अनुसारका कागजातहरु एवं अनुसूची ..... बमोजिमको व्यावसायिक योजना र आवेदन सहित प्रस्तावना आव्हान गरिएको छ। यस सम्बन्धित थप जानकारीको लागि यस कार्यालयको वेबसाइट ........................ तथा सम्पर्क नं. ........... मा सम्पर्क गर्न हुन अनुरोध छ।

आवश्यक कागजातः

१. सूचना प्रकाशन हुनु भन्दा पहिले दर्ता भई सकेको सम्बन्धित संस्था दर्ता/नवीकरण को प्रमाण पत्रको प्रतिलिपि
२. सम्बन्धित स्थानीय तह, कृषक समूह, कृषि सहकारी, उपभोक्ता समूह वा संस्थाको सूचना अवधि भित्र कृषि उपज बजार पूर्वाधार निर्माणमा साझेदारी प्रतिवद्धता सहित सञ्चालन गर्न संस्थागत निर्णयको प्रतिलिपि
३. अनुसूची-३ बमोजिमको निवेदन र कृषि उपज बजार तथा सङ्कलन केन्द्र निर्माण तथा सञ्चालन गर्ने अनुसूची-४ अनुसारको प्रस्ताव
४. सम्बन्धित ज्ञान केन्द्र तथा स्थानीय तहको सिफारिस पत्र
५. सहकारी र निजी संस्थाको हकमा गत आ.व. को संस्थाको लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र र भ्याट/प्यान दर्ताको प्रमाणपत्रको प्रतिलिपि
६. सहकारी संस्थाको तर्फबाट सहभागिताका लागि आधिकारिक प्रतिनिधि तोकेको निर्णयको प्रतिलिपि
७. जमिनको स्वामित्व संस्थाको नाममा रहेको जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि वा २० वर्षको जग्गाको करारनामा पत्र सहित जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपी वा सरकारी जग्गा प्राप्त गर्ने भएमा जग्गा प्रदान गर्ने निकायको जग्गा भोगचलनको लागि उपलब्ध गराएको पत्र
८. निर्माण गर्ने बजार पूर्वाधारको ईन्जिनियरिङ डिजाईन, नक्शा तथा लागत अनुमान
९. प्रतिवद्धता पत्र



सचिव

## अनुसूची २

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

### अनुदान मापदण्ड

| क्र स | बजारको किसिम | आवश्यक मापदण्ड |
|---|---|---|
| १ | कृषि उपज बजार पूर्वाधार (थोक बजार, हाट बजार र सङ्कलन केन्द्र) निर्माण | ✓ अनुदान रकम स्वीकृत वजेटको परिधि भित्र रही सहकारी/समितिको हकमा बढीमा ६० प्रतिशत र निजी/कम्पनीको हकमा बढीमा ५० प्रतिशतसम्म अनुदान रकम उपलब्ध हुनेछ।<br>✓ स्थानीय सरकार र सहकारी वा समिति वा निजी वा कम्पनीको एकल वा संयुक्त कम्तिमा ४० देखि ५० प्रतिशतको लागत सहभागिता हुनु पर्नेछ।<br>✓ साझेदारको नाममा रहेको जमिनको जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि<br>✓ करारमा लिएको जग्गाको हकमा रजिष्टर्ड लेखनदासबाट करारनामा गराएको कम्तीमा २० वर्षको सम्झौता पत्र<br>✓ सरकारी जग्गा भएमा जग्गा प्रदान गर्ने निकायको जग्गा प्रदान गरेको पत्र।<br>✓ जग्गा खरिद तथा भाडामा लगानी गरिने छैन। |
| क | थोक बजार निर्माणको हकमा | ✓ सटर वा कबल, कम्पाउण्ड वाल, एप्रोच रोड, कार्यालय भवन, सूचना केन्द्र, स्टोर, गोदाम, शौचालय र खानेपानीका लागि पूर्वाधार निर्माण गर्न सकिने छ।<br>✓ थोक बजार निर्माण ३ वर्षसम्मको परियोजना हुन सक्नेछ र सम्भाव्यता अध्ययन र लागत अनुमानको आधारमा दुईपक्षीय वा बहुपक्षीय सम्झौताको आधारमा अधिकतम अनुदान रकम रु एक करोड वा ५० देखि ६० प्रतिशत सम्म अनुदान रकम उपलव्ध गराईनेछ।<br>✓ न्युनतम क्षेत्रफलः (तराइमाः ३० कट्ठा र पहाडमाः १५ रोपनी)। |
| ख | नयाँ तथा पुरानो हाट बजार सुदृढीकरणको हकमा | ✓ नयाँ हाट बजार सुदृढीकरणको हकमा व्यवस्थापन कक्ष, सेड, स्टोर, तौलिने सुविधा, सूचना-सञ्चार सुविधा, शौचालय र खानेपानीका लागि पूर्वाधार निर्माणका लागि खर्च गर्न सकिने छ।<br>✓ पुरानो हाट बजार सुदृढीकरणको हकमा व्यवस्थापन कक्ष, सेड, स्टोर, तौलिने सुविधा, सूचना-सञ्चार सुविधा, शौचालय र खानेपानीका लागि थप पूर्वाधार निर्माण तथा मर्मतका लागि खर्च गर्न सकिने छ।<br>✓ अधिकतम अनुदान रकम रु बिस लाख वा अनुदान प्रतिशतले जुन रकम कम हुन आउछ उपलव्ध गराईनेछ।<br>✓ न्युनतम क्षेत्रफलः (तराइमाः ५ कट्ठा र पहाडमाः ३ कट्ठा वा १.५ रोपनी)। |
| ग | सङ्कलन केन्द्र निर्माणको हकमा | ✓ व्यवस्थापन कक्ष, सेड, स्टोर, तौलिने सुविधा, सूचना-सञ्चार सुविधा, शौचालय र खानेपानीका लागि पूर्वाधार निर्माण गर्न सकिने छ।<br>✓ अधिकतम अनुदान रकम रु दश लाख वा ५० देखि ६० प्रतिशत जुन कम हुन आउँछ उपलव्ध गराईनेछ।<br>✓ न्युनतम क्षेत्रफलः (तराइमाः ५ कट्ठा र पहाडमाः ३ कट्ठा वा १.५ रोपनी)। |
| २ | निर्माण स्थलमा पर्याप्त मात्रामा खुला ठाउँको सुनिश्चितता गर्नु पर्नेछ। | |



सचिव

अनुसूची-३

(दफा ५ को खण्ड (ख) सँग सम्बन्धित)

कृषि उपज बजार पूर्वाधार निर्माणका लागि दिने निवेदनको ढाँचा

मितिः....................

श्री .......................ज्यू

..............................., ।

विषयः साझेदारीमा कृषि उपज हाट बजार/ सङ्कलन केन्द्र / थोक बजार निर्माणका प्रस्ताव पेश गरेको वारे।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ...................................... मा प्रकाशित गरिएको सूचना अनुसार.................. जिल्ला ......................न.पा./गा.पा वडा नं. ......मा अवस्थित......................... कृषि सहकारी/समिति/संस्थाले ..................................कार्य सञ्चालनका लागि अनुदानको रकमको आवश्यकता परेकाले रु. १० को टिकट टास गरी आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी यो प्रस्तावना पेश गरेको छौं।

दस्तखत

नामः

पदः

ठेगानाः

सम्पर्क नं.:

संस्थाको नामः

संस्थाको छापः

सचिव

मा. मन्त्री

अनुसूची-४

(दफा ५ को खण्ड (ख) सँग सम्बन्धित)

## कृषि उपज बजार (हाट बजार, सङ्कलन केन्द्र तथा थोक बजार) पूर्वाधार निर्माण सम्बन्धी प्रस्ताव ढाँचा

१.परिचयात्मक विवरणः

| | |
|---|---|
| आवेदक संस्था/समितिको नामः | |
| ठेगानाः | |
| जिल्लाः | |
| स्थानीय तहको नामः | |
| वार्ड नं. | |
| गाउँ/टोलः | |
| संस्था समितिको अध्यक्ष/प्रमुखको नामः | |
| अध्यक्ष/प्रमुखको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था/समिति दर्ता नं. र मितिः | |
| संस्था/समिति दर्ता भएको कार्यालयको नामः | |
| संस्थाको खाता रहेको बैंकः | |
| संस्थाको बैंक खाता नम्बरः | |

२. लाभान्वित कृषक परिवार संख्याः प्रत्यक्ष.................... अप्रत्यक्ष....................

३.बजार निर्माणमा लाग्ने लागत साझेदारी विवरणः

| लागत सहभागिता विवरण | रकम रु. | प्रतिशत |
|---|---|---|
| जम्मा लागत रु. | | |
| कार्यालयले व्यहोर्ने रु. | | |
| उपभोक्ता/ संस्था/समितिले व्यहोर्ने रु. | | |
| स्थानीय तहले व्यहोर्ने रु. | | |

४. आयोजना प्रस्तावको विवरणः

४.१ तपाईले कस्तो किसिमको बजार निर्माण गर्न चाहनु हुन्छ ?

क)..............................(हाट बजार, थोक बजार, सङ्कलन केन्द्र मध्ये कुनै एक)

ख) बजार सञ्चालनको अवस्थाः .......................... (सञ्चालनमा रहेको/नयाँ स्थापना)

ग) बजारमा आउने मुख्य उपजको विवरणः

| क्र.सं. | प्रमुख कृषि उपजको नाम | परिमाण (अनुमानित मे. टन) | उपज स्रोत क्षेत्र |
|---|---|---|---|
| | | | |
| | | | |



यादव

४.२. बजारले सेवा पुऱ्याउने स्थानहरुः

१. ............................ २. ........................... ३. .........................

५. आवेदक/ संस्था/समितिको चल अचल पुँजीको विवरणः

| चल पुँजी | अचल पुँजी | कैफियत |
|---|---|---|
| | | |
| | | |

६. बजार सञ्चालनका लागि जग्गाको विवरणः (गोलो लगाउनु होस)

क) व्यक्तिगत/करारमा लिएको क्षेत्रफल.......................

ख) संस्था/ समितिको नाममा रहेको क्षेत्रफल ......................

ग) सरकारी स्वामित्वको क्षेत्रफल........................

७. बजार बनाउँदा कस्तो संरचना बनाउने उल्लेख गर्नुहोस।

१. .......................................

२. .......................................

३. .......................................

८. सडक सुविधा छ वा छैन............

क) छ भने बजार स्थलबाट मुख्य सडकसँगको दूरी ..................... कि.मी.

क) छैन भने सडकको सम्भावना विवरण ..............................

९. यदि सङ्कलन केन्द्र निर्माण गर्दै हुनुहुन्छ भने सङ्कलित कृषिजन्य वस्तु बिक्री गर्ने बजारको नाम उल्लेख गर्नुहोस

१. ..................... २. .............................. ३......................

१०. बजारको फोहोर व्यवस्थापन कसरी गर्नुहुन्छ? ..................................

११. बजार निर्माण सम्पन्न भएपश्चात् कसरी सञ्चालन गर्नुहुन्छ विस्तृतमा उल्लेख गर्नुहोस।

............................................

१२. अन्य केही भए.................................................................

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ यदि झुटो ठहरीएमा निवेदन स्वत खारेज भई कानून बमोजिम सहुँला/बुझाउँला।

| साक्षीः | निवेदक |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| फोन नं. | फोन नं.: |
| मितिः | मितिः |
| | संस्थाको छापः |

नोटः यो एउटा नमूना फाराम मात्र हो निर्दिष्ट गरेको बुँदामा रही विस्तृत प्रस्तावना पेश गर्नु पर्नेछ।



सचिव

मा. आरती पौडेल
मन्त्री

अनुसूची-५
(दफा ७ को उपदफा (५) को खण्ड (च) सँग सम्बन्धित)
प्रस्ताव मूल्याङ्कनका आधारहरु

१. जिल्लाः
२. आवेदक संस्थाको नामः
३. कार्यक्रम सञ्चालन स्थलको ठेगानाः
४. प्रस्तावित कार्यक्रमको नामः
५. मूल्याङ्कनका आधारहरुः

| क्र.सं | विवरण | भार | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | १० | | |
| | बत्ती पानी बिजुली भएको | १० | | |
| | बत्ती पानी बिजुली जोड्न सक्ने सम्भावना भएको | ८ | | |
| | बत्ती पानी बिजुली बारे उल्लेख नभएको | ६ | | |
| २ | जग्गाको स्वामित्व | १० | | |
| | संस्थाको नाममा भएको | ८ | | |
| | सार्वजनिक जग्गा स्थानीय तहबाट उपलब्ध गराएको | ६ | | |
| | भाडामा लिएको | ३ | | |
| ३ | व्यवसाय सम्बन्धी अनुभव | १० | | |
| | ५ वर्ष वा सो भन्दा माथि | १० | | |
| | २ देखि ४ वर्ष | ८ | | |
| | १ वर्ष वा सो भन्दा कम | ६ | | |
| ४ | वित्तीय क्षमता | २० | | |
| | नगद वा बैंक मौज्दात | २० | | |
| | ऋण लगानीको प्रतिवद्धता | १५ | | |
| | नखुलेको | १० | | |
| ५ | रोजगारीको अवस्था (प्रस्तावित) | २० | | |
| | कम्तीमा १० जना | २० | | |
| | ६ देखि ९ | १६ | | |



सचिव

आ. भारती पौडेल
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | ५ वा सो भन्दा कम | १२ | | |
| ६ | **वातावरणीय तथा सामाजिक उपयुक्तता (प्रस्तावित)** | १० | | |
| | प्रभाव आङ्कलन भएको र न्यूनीकरणको प्रस्ताव समेत भएको | १० | | |
| | वातावरणीय प्रभाव आङ्कलन नभएको | ७ | | |
| ७ | **उत्पादित वस्तुको बजार योजना** | १० | | |
| | आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चितता आफ्नै आउटलेट ) (भएको | १० | | |
| | समूह/सहकारी/संस्थागत तरिकाले उत्पादित वस्तुको बजारीकरण | ८ | | |
| | बजारीकरणको योजना स्पष्ट नभएको | ६ | | |
| ८ | व्यावसायिक कार्य योजनाको स्पष्टता, जलवायु अनुकूलता, लगानीको प्रतिफल र दीगोपना | १० | | |
| | उत्तम | १० | | |
| | राम्रो | ८ | | |
| | ठिकै | ६ | | |
| | **जम्मा** | १०० | | |

६. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः

**क)**

**ख)**

७. स्थलगत अनुगमन टोलीको रायः

| क्र.सं. | पद | राय दिनेको नाम थर | राय | | | कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहित हुन्छ | | |
| १ | | | | | | | |
| २ | | | | | | | |

सचिव

लाः आरती पौडेल
मन्त्री

अनुसूची-६

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

**सम्झौता पत्रको ढाँचा**

आर्थिक वर्ष ......../... मा सञ्चालन हुने .................................................. कार्यक्रमको लागि कार्यालय ............................................. (यस पछि प्रथम पक्ष भनिने) र छनौट भएका (समिति/सहकारी/निजी/संस्था ............................................... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षीय सम्झौता गरिदियौं/लियौं।

तपसिल :

१. मागमा आधारित कृषि उपज बजार पूर्वाधारको निर्माण तथा सञ्चालन कार्यविधि, २०७६ अन्तर्गत व्यवस्था भएका दफाहरु दुवै पक्षलाई मान्य हुनेछ।

२. प्रथम पक्षले....................... निर्माणका लागि विनियोजित रु मध्ये....................दोश्रो पक्षलाई रु) ...............अक्षरुपी (..............बराबरको आर्थिक अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ।

३. दोश्रो पक्षले बाकी रकमको व्यवस्था गरी................. जिल्ला ............... गापा./नपा./उ ........ पा.न.म.नं .वडाको ................. भन्ने स्थानमा यसै आर्थिक वर्षको अन्त्य सम्ममा .........निर्माण सम्पन्न गर्नेछ।

४. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाईन र ईष्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ।

५. ..........निर्माणका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिङ्ग बिल, अन्तिम बिल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था, आदि दोश्रो पक्षले गर्नेछ।

६. कृषि उपज बजार स्थल भित्र बजार संरचना निर्माण भए पश्चात कुनै स्थायी प्रकृतिको थप भौतिक संरचना निर्माण गर्नु पर्ने देखिएमा वा निर्माण भएको संरचनालाई परिवर्तन गर्नुपर्ने भएमा दोश्रो पक्षले अग्रीम रुपमा प्रथम पक्षबाट स्वीकृति लिनुपर्नेछ।

७. यो सम्झौतामा अन्यत्र जे सुकै लेखिएको भएता पनि समितिले सम्झौतामा उल्लेखित शर्तहरुको विपरीत कुनै कार्य गरेमा वा प्रयोग गरिएका सम्पत्तिको हानी नोक्सानी हुने गरी कुनै कार्य गरेमा वा बजारको सञ्चालन उपयुक्त किसिमले भएको छैन भन्ने लागेमा वा कृषि बजारको व्यवस्था र सञ्चालनको छुट्टै व्यवस्था गर्ने निर्णय गरेमा मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयले सम्झौता भङ्ग गर्न सक्ने र समितिलाई उपलब्ध गराएको सम्पत्ति आफ्नो कब्जामा लिइ छुट्टै तरिकाले प्रयोगको व्यवस्था मिलाउन सक्ने छ।



सचिव

८. समितिले प्रयोग गर्ने लोगो तथा छापको नमूना तथा लेटरप्याडको नमूना समेत सम्बन्धित स्थानीय तहमा दर्ता भई स्वीकृत भएको हुनु पर्नेछ।

९. प्रथम पक्ष र दोश्रो पक्ष बीच सम्झौताको लागत अनुमानमा देहायको खर्चका स्रोतहरु रहनेछन।

क. प्रथम पक्षले व्यहोर्ने रु ........................

ख. दोश्रो पक्षले व्यहोर्ने रु ........................

ग. स्थानीय तहले व्यहोर्ने रु ........................

हस्ताक्षर कर्ताः

| | |
|---|---|
| प्रथम पक्ष | दोस्रो पक्ष |
| हस्ताक्षरः– ..................... | हस्ताक्षरः– ......................... |
| नामः– .......................... | नामः– ............................. |
| पदः- | पदः- |
| संस्थाको छाप | संस्थाको छाप |

| | |
|---|---|
| साक्षीः | साक्षीः |
| हस्ताक्षरः– ..................... | हस्ताक्षरः– ......................... |
| नामः– .......................... | नामः– ............................. |
| पदः- | पदः- |

सम्झौता सम्पन्न मिति २०७ / / / रोज शुभम्।

सचिव